# पुथा उत्तरगङ्गा गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठकको प्रस्ताव एवं निर्णयहरु

**बैठक सङ्ख्याः ५४, बैठक मितिः २०८३।०१।०९, समयः बिहान ११:०० बजे**

| क्र.स. | प्रस्तावहरु | निर्णयहरु | कै. |
|---|---|---|---|
| १ | अघिल्लो बैठकको निर्णयहरूको समीक्षा तथा कार्यान्वयन सम्बन्धमा । | यस गाउँ कार्यपालिकाको ५३ औं कार्यपालिका बैठकमा भएका विभिन्न निर्णयहरू कार्यान्वयनको समीक्षात्मक छलफल र कार्यान्वयको लागि आवश्यक कार्य गर्नेतर्फ अग्रसर हुने निष्कर्षका साथ सदस्यहरूको गणपूरक सङ्ख्या पुगेकोले ५४ औं कार्यपालिका बैठक प्रारम्भ गरियो । | |
| २ | स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनको समिक्षा सम्बन्धमा । | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय द्वारा विभिन्न सुचकहरुमा स्थानीय तहको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) सम्बन्धी गरिने मूल्याङ्कनमा पुथा उत्तरगङ्गा गाउँपालिकाले ९२.७ नम्बर पेश गरेकोमा जिल्ला समन्वय समितिको कार्यालयद्वारा फिडब्याक प्राप्त गरी पुनः अपुग दस्तावेजहरु अपलोड गरी स्थानीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा ९१.९ नम्बर पेश गरिएको प्रगती प्रतिवेदन प्रस्तुत गरि उक्त प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो । | |
| ३ | प्रदेश समपुरक तथा विशेष अनुदान योजना छनोट सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिका लुम्बिनी प्रदेशको एकमात्र हिमाली जिल्ला रुकुम पूर्वको पनि दुर्गम तथा अति विकट गाउँपालिकाको रुपमा चिनिन्छ । पुथा उत्तरगङ्गा गाउँपालिकामा प्रायस भौतिक संरचनाहरु नभएकोले आगामी आर्थिक वर्ष २०८३।०८४ को लागि तपसिलका समपुरक अनुदात तथा विशेक्ष अनुदान योजना छनोट गरी सिफारिस गर्ने निर्णय गरियो ।<br><u>तपसिल</u><br><u>समपूरक योजना</u><br>१. रन्मा-सुददह पर्यटन प्रवर्द्धन तथा पर्यटन पदमार्ग निर्माण रु ४ करोड<br>२. त्रिबेणी-ओख्मा बिलिबृज पुल निर्माण रु ३ करोड<br><u>विशेष योजना</u><br>१. सामुदायिक विद्यालयमा आधारभुत पूर्वाधार, अभिभावक शिक्षता, शैक्षिक सामाग्री तथा शिक्षक क्षमता विकास कार्यक्रम रु ४० लाख<br>२. स्वास्थ्य सुधार कार्यक्रम रु ४० लाख | |
| ४ | सार्वजनिक विदा सम्बन्धमा । | नेपाल सरकारले पेट्रोलिय पदार्थको खपत कम गर्ने उद्देश्यले हप्ताको दुई दिन (शनिबार र आइतबार) सार्वजनिक बिदा दिने निर्णय गरेको भए तापनि, यस गाउँपालिकामा पेट्रोलियम पदार्थको प्रयोग नहुने, विकट भौगोलिक अवस्था, सीमित कार्यदिन र जनताको सेवा प्रवाहमा परेको चापलाई दृष्टिगत गर्दै आइतबार समेत विद्यालय तथा सार्वजनिक कार्यालयहरू सञ्चालन गर्ने सम्बन्धमा। | |

<table>
<tr><td></td><td></td><td><u>क) शैक्षिक संस्थातर्फः</u> पुथा उत्तरगंगा गाउँपालिका हिमाली जिल्लाको हिमाली गाउँपालिकामा पर्ने भएकोले विविध समस्याका कारण हप्तामा दुई दिन बिदा दिँदा तोकिएको पाठ्यभार (क्रेडिट आवर) पूरा नहुने भएकोले स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र पर्ने र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (ज) आधारभुत माध्यमिक शिक्षा अन्तर्गत विद्यालयको व्यवस्थापन र सञ्चालनको जिम्मेवारी स्थानीय तहलाई दिएको हुँदा संविधानको अनुसूची ८ ले दिएको शिक्षा सम्बन्धी एकल अधिकार प्रयोग गरी यस गाउँपालिका अन्तर्गतका सबै विद्यालयहरूमा आइतबारको बिदा लागू नगरी साविक बमोजिम नै पठनपाठन सञ्चालन (००:४ - ००:१०) गर्ने।</td><td></td></tr>
<tr><td>५</td><td>बस्ती स्तरीय योजना तर्जुमा सम्बन्धमा ।</td><td>पुथा उत्तरगङ्गा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३।०८४ को वार्षिक बजेट तथा कार्यक्रमका लागि सबै वडाको टोल टोलमा गएर मिति २०८३।०२।१५ गते सम्म बस्ती स्तरीय योजना तर्जुमा गर्ने निर्णय गरियो ।</td><td></td></tr>
<tr><td>६</td><td>स्थानीय राजश्वको दायरा सम्बन्धमा ।</td><td>पुथा उत्तरगङ्गा गाउँपालिका अन्तर्गतको स्थानीय राजश्वको दायरा वृद्धि गर्ने र हाल सम्म संकलन भएको राजश्वको अवस्था र स्थानीय राजश्व समितिको प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।</td><td></td></tr>
<tr><td>७</td><td>एकीकृत घुम्ती शिविर सञ्चालन सम्बन्धमा ।</td><td>पुथा उत्तरगङ्गा गाउँपालिकाको सबै वडामा पुगी एकीकृत रुपमा सेवा प्रभाह तथा स्वास्थ्य चेकजाँच उपचार गर्ने उद्देश्यले यहि मिति २०८३ वैशाख १० गते देखि एकीकृत घुम्ती शिविर सञ्चालन गर्ने निर्णय गरियो ।</td><td></td></tr>
<tr><td>८</td><td>रकमान्तरण सन्बन्धमा ।</td><td>पुथा उत्तरगङ्गा गाउँपालिकाको तपसिल बमोजिमको शिर्षकबाट रकम रकमान्तरण गर्ने निर्णय गरियो ।<br><u>तपसिल</u>
<table>
<tr><th>क्र.स.</th><th>रकम घटाउनु पर्ने शिर्षक</th><th>घटाउनु पर्ने रकम</th><th>रकम थप गर्नुपर्ने शिर्षक</th><th>थप गर्नुपर्ने रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>मागमा आधारित फलफुल क्षेत्र विस्तार कार्यक्रम स्याउ), ओखर, किबी, सुन्तला(</td><td>१२०० ००</td><td>भेडापालन कार्यक्रम (कुरुवा घर निर्माण)</td><td>१२० ०००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>९</td><td>विभिन्न कार्यविधि अनुमोदन तथा संसोधन सम्बन्धमा</td><td>पुथा उत्तरगङ्गा गाउँपालिका अन्तर्गतका तपसिलका कार्यविधि, मापदण्ड तथा निर्देशिकाहरु कार्यपालिकामा प्रस्तुत गरी अनुमोदन तथा संसोधन गर्ने निर्णय गरियो ।</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | । | <u>तपसिल</u><br>❖ एकीकृत घुम्ती शिविर सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८३<br>❖ संघ संस्था दर्ता तथा नविकरण कार्यविधि २०८३<br>❖ सुत्किरी आमाहरुलाई तरकारीको विउ वितरण कार्यविधि २०८३<br>❖ गाउँपालिका कार्यक्रम सञ्चालन निर्देशिका २०८३<br>❖ बाल संरक्षण मापदण्ड २०८१ संशोधन<br>❖ विद्यालय नक्साङ्कन तथा स्तरिकरण मापदण्ड २०८१ संशोधन<br>❖ स्थानीय विपद तयारी प्रतिकार्य योजना २०८१ संशोधन<br>❖ स्थानीय तह बजार अनुगमन निर्देशिका २०८३<br>❖ स्वीकृत स्थानीय खानेपानी तथा सरसफाइ मापदण्ड २०८१ संशोधन<br>❖ सेफ हाउस सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८३<br>❖ भवन संहिता मापदण्ड २०८१ संशोधन<br>❖ गोठस्टे संचालन तथा व्यवस्थापन कार्यविधि २०८१ संशोधन<br>❖ मानव एम्वुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८३ | |

स्थानीय सरकार
पुथा उत्तरगङ्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

ध्रुव वि.क.
प्रमुख प्रशासकीय अधिकृत